कार्यापालिका बैठक बैठक संख्या २/०८३/०८४ मितिः- २०८३/०५/३१

मिति : २०८३।०५।३१

समय : बिहान ११:०० बजे

स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८३।०५।३१ गते बुधबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री मान बहादुर बराल | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| सरद प्याकुरेल | प्रशासन शाखा |

कार्यापालिका बैठक　　　　　　　　　बैठक संख्या २/०८३/०८४　　　　　　　　　मितिः- २०८३/०५/३१

## बैठकका प्रस्तावहरु

१. (घ) वर्गको निर्माण व्यवसायिको ईजाजत पत्र स्वीकृत सम्बन्धमा ।

२. ठेक्का/वोलपत्र आव्हान सम्बन्धमा ।

३. एकल पुरुष मासिक भत्ता निर्धारण सम्बन्धमा ।

४. वडा नं १ लाई वाल मैत्री वडा घोषणाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

५. गोलन्जोर आधारभुत अस्पताल गोल्टारबाट पोष्टमार्टम सेवा शुरु गर्ने सम्बन्धमा ।

६. एम्बुलेन्स तथा सव वाहन सञ्चालन सम्बन्धमा ।

७.गाउँपालिका प्रहरीलाई कार्यालयको नियमित सुरक्षामा खटाउने सम्बन्धमा

८. भदौरे खोलामा रहेका जोखिमयुक्त रुखहरू कटान गर्न डिभिजन वन कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा ।

९. नवप्रवर्तन केन्द्र सञ्चालन सम्बन्धमा ।

१०. तारजाली उपलब्ध गराउने सम्बन्धमा ।

११. शिक्षा समिति र कार्यालयले गरेको काज सरुवाको निर्णय सम्बन्धमा ।

१२ . दरबन्दी मिलान गर्ने सम्बन्धमा ।

मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत

शंकर राज बराल
अध्यक्ष

कार्यापालिका बैठक बैठक संख्या २/०८३/०८४ मितिः- २०८३/०५/३१

<u>बैठकका निर्णयहरु</u>

प्रस्ताव नं. १ (घ) वर्गको निर्माण व्यवसायिको ईजाजत पत्र स्वीकृत सम्बन्धमा ।

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ (घ) वर्गको निर्माण व्यवसायिको ईजाजत पत्र स्वीकृत सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा निर्माण व्यवसायीको इजाजत पत्रको लागि नियमानुसार निवेदन पेश गर्नु भएका तपसिल बमोजिमका कम्पनीलाई यस गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०७७ को दफा २ बमोजिमको ईजाजतपत्र स्वीकृत गरी प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं. | निर्माण व्यवसायी/कम्पनीको नाम | सञ्चालकको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री सि इन्जिनियरिङ्ग एण्ड कन्ट्रक्सन प्रा. लि. | चौलाराज देवकोटा | गोलन्जोर – ७, सिन्धुली | ९८४३५०१४७३ |
| २ | श्री जनता आर. कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | राम शरण कार्की | गोलन्जोर – ३, सिन्धुली | ९८४२५०५९७९ |
| ३ | अटल बिल्डर्स तथा सप्लायर्स प्रा लि | अविजित पोखरेल | गोलन्जोर – ३, सिन्धुली | ९८४४०१८२०८ |
| ४ | एल आर कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | यम विक्रम लामा | गोलन्जोर – ७, सिन्धुली | ९८६३७५४२९२ |

प्रस्ताव नं. २ ठेक्का/वोलपत्र आव्हान सम्बन्धमा ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ ठेक्का/वोलपत्र आव्हान सम्बन्धमा छलफल गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणाली (e-GP System) मा प्राविधिक तथा सुरक्षागत कारणले देखिएको समस्याका कारण हाल प्रणाली बन्द रहेको र यसले गर्दा खरिद प्रक्रिया अवरुद्ध हुन गएको अवस्थालाई मध्यनजर गर्दै, अर्को सूचना नभएसम्म वा केन्द्रीय प्रणाली पूर्ण रूपमा सुचारु भई सञ्चालनमा नआएसम्मका लागि यस कार्यालयबाट हुने सम्पूर्ण खरिद कारबाहीहरू (बोलपत्र आह्वान, प्रस्ताव दर्ता, खोल्ने र मूल्याङ्कन गर्ने कार्यहरू) प्रचलित नियमहरूको पालना हुने गरी भौतिक रूपमा अर्थात् हार्डकपी

मान बहादुर बराल
... अधिकृत
शंकर राज बराल
अध्यक्ष

(Hardcopy) कागजी माध्यमबाट सञ्चालन/अघि बढाइनेछ र केन्द्रीय प्रणाली सञ्चालनमा आउनेबित्तिकै नियमानुसार प्रणालीमा अभिलेख राखे गरी हाललाई कागजी प्रक्रियाबाटै सम्पूर्ण कार्य सम्पन्न गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ एकल पुरुष मासिक भत्ता निर्धारण सम्बन्धमा ।**

निर्णय नं. ३

प्रस्ताव नं. ३ एकल पुरुष मासिक भत्ता निर्धारण सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम, यस गाउँपालिका क्षेत्रभित्रका स्थायी बसोबास गर्ने र प्रचलित कानुनबमोजिम एकल पुरुषको रूपमा मान्यता पाउन आवश्यक योग्यता पुगेका तथा यस कार्यालयमा रितपूर्वक निवेदन पेस गरेका योग्य व्यक्तिहरूलाई मिति २०८३ साल साउन महिनादेखि लागु हुने गरी मासिक रु. १५०० (एक हजार पाँच सय रुपैयाँ) का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो ।साथै उक्त भत्ता रकम सम्बन्धित लाभग्राहीहरूको बैंक खातामार्फत नियमित रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं ४ वडा नं १ लाई वाल मैत्री वडा घोषणाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।**

निर्णय नं. ४

प्रस्ताव नं. ४ वडा नं १ लाई वाल मैत्री वडा घोषणाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने सम्बन्धमा छलफल गर्दा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसार यस वडा नं. १ लाई बालमैत्री वडा घोषणा गर्नका लागि आवश्यक सम्पूर्ण सूचकहरू पुरा गर्ने लक्ष्यका साथ प्रारम्भिक कार्य (स्थिति विश्लेषण, समिति गठन, कार्ययोजना निर्माण तथा बजेट व्यवस्थापन) तत्काल अगाडि बढाउने र सोका लागि गाउँपालिका अन्तर्गत विषयगत शाखा तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने निर्णय गरियो।

**५. गोलन्जोर आधारभुत अस्पताल गोल्टारबाट पोष्टमार्टम सेवा शुरु गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५

प्रस्ताव नं. ५ गोलन्जोर आधारभुत अस्पताल गोल्टारबाट पोष्टमार्टम सेवा शुरु गर्ने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकास्थित गोलन्जोर आधारभूत अस्पतालबाट स्थानीय बासिन्दाहरूलाई सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा अस्पतालबाटै शव परीक्षण (पोष्टमार्टम) सेवा सुरु गर्ने र सोको जानकारी सम्बन्धित नियामक कार्यालयमा पठाउने निर्णय गरियो । उक्त सेवा नियमित रूपमा सञ्चालन गर्नका लागि शव चिरफार गर्ने विशेष जिम्मेवारी पूरा गर्न कार्यालय सहयोगी तहको एक जना दक्ष वा तालिमप्राप्त कर्मचारी करार भर्ना गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष
... बहादुर बराल
... अधिकृत

कार्यापालिका बैठक बैठक संख्या २/०८३/०८४ मितिः- २०८३/०५/३१

६. एम्बुलेन्स सेवा तथा सव-वाहन सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ एम्बुलेन्स सेवा तथा सव-वाहन सञ्चालन सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको स्वामित्वमा रहेका सञ्चालित एम्बुलेन्स सेवा र शव वाहन को दैनिक सञ्चालन, व्यवस्थापन, चालकको व्यवस्थापन तथा मर्मतसम्भारसम्बन्धी सम्पूर्ण जिम्मेवारी आगामी दिन देखि गोलन्जोर आधारभूत अस्पताललाई हस्तान्तरण गर्ने निर्णय गरियो। उक्त एम्बुलेन्स र शव वाहनको प्रयोग तथा शुल्कसम्बन्धी विषय अस्पतालले तोके बमोजिम हुने निर्णय गरियो।

**प्रस्ताव नं. ७ गाउँपालिका प्रहरीलाई कार्यालयको नियमित सुरक्षामा खटाउने सम्बन्धमा ।**

निर्णय नं. ७

प्रस्ताव नं. ७ गाउँपालिका प्रहरीलाई कार्यालयको नियमित सुरक्षामा खटाउने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको कार्यालयको सुरक्षा व्यवस्थापनका लागि खटिने गाउँपालिका प्रहरीहरूलाई २४ घण्टा ड्युटीमा रहँदाको अवस्थामा कार्यालयको कार्यसञ्चालन तथा प्रशासनिक खर्च शीर्षकबाट व्यहोर्ने गरी प्रतिव्यक्ति दैनिक खाना खर्चबापत रु.३०० (अक्षेरेपी तिन सय रुपैयाँ मात्र) का दरले उपलब्ध गराउने निर्णय गरियो। उक्त खर्च भुक्तानी गर्दा सम्बन्धित प्रहरीहरूको हाजिरी तथा ड्युटी तालिका प्रमाणित गराई नियमानुसार पेश भएपछि मात्र निकासा दिन सम्बन्धित आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ८ भदौरे खोलामा रहेका जोखिमयुक्त रुखहरू कटान गर्न डिभिजन वन कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८

प्रस्ताव नं. ८ भदौरे खोलामा रहेका जोखिमयुक्त रुखहरू कटान गर्न डिभिजन वन कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ७ स्थित भदौरे खोलाको बहाव बढ्दा लडी खोलामा खस्न सक्ने अवस्थामा रहेका जोखिमयुक्त रुखहरूका कारण खुर्कोट बजार क्षेत्र, खुर्कोटस्थित पुल तथा त्यहाँ रहेका इलाका प्रहरी चौकी, ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी बेस क्याम्प लगायत महत्वपूर्ण सरकारी संरचना र बस्तीमा हुन सक्ने ठूलो जनधनको क्षति रोक्नका लागि कानुन बमोजिम ती रुखहरू तत्काल कटान तथा व्यवस्थापन गर्नुपर्ने देखिएको छ। तसर्थ, उक्त रुखहरू नियमानुसार कटान गर्नका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा आधिकारिक रूपमा पत्र लेखी अनुरोध गर्ने निर्णय गरियो।

शंकर राज बराल
अध्यक्ष

मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत

कार्यापालिका बैठक बैठक संख्या २/०८३/०८४ मिति:- २०८३/०५/३१

प्रस्ताव नं. ९ नवप्रवर्तन केन्द्र सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ नवप्रवर्तन केन्द्र सञ्चालन सम्बन्धमा सम्बन्धमा छलफल गर्दा स्थानिय स्तरमा विज्ञान, प्रविधि तथा नवप्रवर्द्धनका गतिविधिहरूलाई प्रोत्साहन गर्न, युवा तथा स्थानीय उद्यमीहरूलाई प्रविधिमैत्री बनाउन र सिर्जनात्मक क्षमताको विकास गर्न नेपाल सरकार विज्ञान प्रविधि मन्त्रालय (वा सम्बन्धित मन्त्रालय) अन्तर्गत गोलन्जोर गाउँपालिकामा सामुदायिक नवप्रवर्तन केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, यसलाई अझ फराकिलो दायरामा पुऱ्याउन तथा आसपासका क्षेत्रसमेत लाभान्वित हुने गरी यस गाउँपालिकामा उक्त कार्यक्रम अन्तर्गतको क्षेत्रीयस्तरको केन्द्र समेत स्थापना गर्नका लागि सम्बन्धित निकायसँग समन्वय तथा पहल गर्नुपर्ने देखिएको छ।

प्रस्ताव नं.१०. तारजाली उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १०

प्रस्ताव नं. १० तारजाली उपलब्ध गराउने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ४ अन्तर्गत जोखिममा रहेका वस्ती तथा विद्यालयको संरक्षण गरी जनधनको सुरक्षा गर्न अति आवश्यक देखिएको हुँदा देहायबमोजिमका कार्यहरू गर्न विपद कोष मार्फत भुक्तानी हुने गरी स्वीकृति दिने निर्णय गरियो ।

टाँडी दुराटोल वस्ती संरक्षण : वडा नं. ४ स्थित टाँडी दुराटोल वस्ती संरक्षणका लागि १८७ घनमिटर (आवश्यक नापसाइजको) तारजाली उपलब्ध गराउने ।

आधारभूत विद्यालय तिनघरे संरक्षण : वडा नं. ४ स्थित आधारभूत विद्यालय तिनघरेको संरक्षणका लागि २० थान २/१) साइजको तारजाली उपलब्ध गराउने।

प्रस्ताव नं.११. काज सरुवा अनुमोदन तथा पदस्थापन गर्ने सम्बन्धमा। ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ काज सरुवा अनुमोदन तथा पदस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका शिक्षा समिति र कार्यालयबाट विभिन्न मितिमा विभिन्न विद्यालय तथा कार्यालयहरूमा गरिएको काज सरुवाका निर्णयहरूलाई यसै निर्णयमार्फत पूर्ण रूपमा अनुमोदन गर्ने र उपर्युक्त बमोजिम काज सरुवा भएका शिक्षक तथा कर्मचारीहरूलाई सम्बन्धित विद्यालय वा कार्यालयमा नियमित रूपमा कामकाज गर्नका लागि पदस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१२. शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा गर्ने सम्बन्धमा।

निर्णय नं. १२

प्रस्ताव नं. १२ शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा गर्ने सम्बन्धमा गोलन्जोर गाउँपालिका वडा नं. २ स्थित सुनकोसी प्रा.वि., कुखुरेटार मा रहेको शिक्षकको स्थायी दरबन्दीलाई सोही वडा (वडा नं. २) मै रहेको आधारभूत विद्यालय,

मान बहादुर बराल
प्रशासकीय अधिकृत

...शंकर राज बराल
अध्यक्ष

कार्यापालिका बैठक बैठक संख्या २/०८३/०८४ मितिः- २०८३/०५/३१

धारापानी मा मिलान गरी पठाउने र बाल मा.वि., शुलिभन्ज्याङ्गमा कार्यरत प्राथमिक तह राहत (प्रा.वि. राहत) कोटाका शिक्षक सरस्वती माझीलाई सुनकोसी प्रा.वि., कुखुरेटार मा सरुवा गरी कामकाज गराउने निर्णय गरियो।

मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत